

# सिटी अफ बर्लिङ्टन कोभिड-१९ अपडेट

## बर्लिङ्टन कोभिड-१९ रिसोर्स एण्ड रिकभरी सेन्टर (आरआरसी)

जनवरी २०२१

नेपाली

# कोभिड-१९ को नयाँ भेरिएन्टहरू



कोरोनाभाइरसको एउटा नयाँ म्युटेसन उत्पत्ति भएको छ। त्यो बेलायतमा पहिलो पटक पहिचान गरिँदा, यो थुप्रै देशहरूमा आफैं फेला परिरहेको छ। अधिकारीहरू छिटैनै भरमोन्टमा भेरिएन्ट पहिचान हुने आशा गर्छन्। भाइरसको म्युटेसनहरू सामान्य हुन्, जस्तै वर्ष देखि वर्षसम्म फ्लुको भेरिएन्टहरू तर के ले यसलाई फरक बनाउँछ भने यो कोभिड-१९ को मूल स्ट्रेनभन्दा धेरै छिटै फैलिन्छ। यो समय यो नयाँ कोभिड-१९ भेरिएन्टको जोखिमहरू बारे थाहा नभएका कुरा धेरै छन्। यसको अर्थ हाम्रो समुदाय सदस्यहरू भाइरस संक्रमणको बढ्दो जोखिममा हुन सक्छन्, थप मानिसहरू अस्पतालमा पुग्न सक्छन् र हामीले भरमोन्टको मृत्युहरूमा बढ्ने संख्या देख्न सक्छौं। CDC को वेबसाइटमा कोभिड-१९ को नयाँ भेरिएन्ट बारे थप जानकारी र अपडेटहरू हेर्नुहोस्।

# खोप वितरण



तपाईं केहीले सुन्नुभए अनुसार, संयुक्त राज्यमा प्रयोगको लागि प्रधिकृत गरिएका दुई कोभिड-१९ खोपहरू छन् अहिले, मोडर्ना र फाईजर। जान्नको लागि यहाँ केही कुराहरू छन्:

- भरमोन्ट फ्रन्टलाइन स्वास्थ्य हेरचाह कामदारहरूलाई साथै दिर्घकालिन स्वास्थ्य हेरचाह स्थलहरूमा नजिकको सम्पर्कमा रहने व्यक्तिहरूलाई खोप प्रदान गर्ने प्रारम्भिक वितरण फेजमा रहेको छ। अर्को ग्रुप हाम्रो सबभन्दा बढी उमेरको समुदायका सदस्यहरू र गम्भीर रोगको लागि बढ्दो रोगमा रहेका मानिसहरूको लागि रहने बढी सम्भावना छ।
- भरमोन्टमा २०,००० भन्दा बढी मानिसहरूले जनवरी ८ सम्म आफ्नो पहिलो खोप खुराक प्राप्त गरेका छन् र बढ्ने क्रम जारि रहने छ जब स्टेटले खोपको थप खुराकहरू प्राप्त गर्न जारी राख्छ।
- हालको स्वीकृत खोपहरू दुई फरक खुराकमा दिइन्छ, तीन देखि चार हप्ता अलग।
- हामीलाई अझै थाहा छैन कहिले खोप सहज हुने छ। सामान्य सर्वसाधारणको लागि जताततै खोपको उपलब्धताको राष्ट्रिय आंकडा अप्रिल देखि मिड-समर २०२१ रहेको छ। १६ देखि कम उमेरका बच्चाहरूको लागि, खोप उपलब्धता अझै समय लाग्न सक्छ किनकी कम उमेर समूहमा अध्ययनहरू अझै आयोजना गरिँदै छ।
- यी विशेष खोपहरू mRNA (मेसेन्जर RNA) खोप हुन्, जसले संक्रमणसँग कसरी लड्ने भनेर हाम्रो कोशहरूलाई सिकाउछन् र निर्देशनहरू पठाउछन्। mRNA कहिले कोशको केन्द्र (न्युक्लियस) प्रवेश गर्दैन जहाँ जेनेटिक तत्व भण्डारण गरिएको हुन्छ; यसले तपाईंको DNA प्रभाव गर्ने वा बदल्ने गर्दैन। यो खोप एउटा जीवित भाइरस पनि होइन त्यसैले तपाईंले कोभिड-१९ दिन सक्नुहुँदैन।

यदि तपाईंसँग खोपबारे प्रश्नहरू छन् भने, तपाईंको परिवारसँग काम गर्ने स्वास्थ्य हेरचाह प्रदायकले तिनीहरू जवाफ दिन मद्दत गर्न सक्छन्। यदि तपाईं एउटा स्वास्थ्य हेरचाह प्रदायकसँग पुग्न सक्नुहुँदैन भने, तपाईंले सिटीको रिसोर्स एण्ड रिकभरी सेन्टरलाई सम्पर्क गर्न सक्नुहुन्छ र हामी एउटा व्यवसायिक मेडिकल श्रोतबाट तपाईंलाई आवश्यक हुने जानकारीसँग जोड्न उत्कृष्ट गर्नेछौं।



हामी सबैले गर्न सक्ने उत्कृष्ट कुरा भनेको होशियार रहने र मल्टी-लेयर गुणस्तरीय मास्कहरू लगाउन जारी गर्नेर परिवार र छिमेक रक्षा गर्ने, बारम्बार आफ्ना हातहरू धुने, भौतिक दुरी कायम गर्ने र सामाजिक भेटघाटहरूबाट टाढा रहने। यदि तपाईंले कुनै सामाजिक जमघटहरूमा सहभागी हुनुभएको छ भने भरमोन्ट डिपार्टमेन्ट अफ हेल्थले घटना पछि लगत्तै साथै ७ दिन पछि टेस्ट गर्न सिफारिस गर्छ। यदि तपाईंलाई मास्कको आवश्यकता छ भने कृपया RRC सम्पर्क गर्नुहोस्। हामी सबै यसमा सँगै छौं।

# भेन्टिलेसन अनुदान



एयर प्युरीफायरहरूले हावाबाट केही भाइरसका कणहरू हटाएको र कम गर्न मद्दत गरेको देखाईएको छ – तर निर्मुल गरेको छैन! – भित्रि ठाउँहरूमा प्रशारणको जोखिम। सिटी अफ बर्लिङटनले एउटा नयाँ भेन्टिलेसन् अनुदान कार्यक्रम सुरु गर्दैछ ताकी बर्लिङटन आधारित व्यवसाय र गैर-नाफा कार्यालयहरूमा एयर फिल्टरका एकाईहरू निःशुल्क प्रदान गर्न सकियोस् जहाँ बहु-परिवारहरू सम्पर्कमा आउँन सक्छन्। अनुदानको प्रापकहरूले एउटा एयर फिल्ट्रेसन उपकरण खरिद गर्न र जडान गर्न सहायता प्राप्त गर्ने छन्। निवेदन एक हप्ताको लागि खुला हुने छ, सोमबार जनवरी ११ देखि जनवरी १८, २०२१ सम्म। ढिलो आएका निवेदनहरू स्वीकार गरिने छन् तर आपूर्ति सकिन सक्छ। प्रश्नहरू वा अनुवाद सहायताको लागि, कृपया यहाँ सम्पर्क गर्नुहोस् BTVEmployer@burlingtonvt.gov। यदि तपाईं फोन मार्फत भाषा सहयता रोज्नुहुन्छ भने तपाईंले RRC लाई 802-755-7239 मा कल गर्न सक्नुहुन्छ।

अनुदान वेबसाइट: https://www.burlingtonvt.gov/covid-19/ventilation-grant (अंग्रेजी)

# टेस्टिङ




टेस्टिङ उपलब्धता बढेको छ र दैनिक बर्लिङटन (405 Pine St.) र विनुस्की (32 Mallets Bay Ave) मा उपलब्ध छ, महिनाभरी अतिरिक्त पप-अपहरू सहित। यदि तपाईंलाई दर्ता गर्नमा कठिनाईहरू छन् भने तपाईंले AALV वा USCRI को

आफ्नो केस म्यानेजरलाई कल गर्न सक्नुहुन्छ वा तपाईंलाई सहायता गर्न RRC लाई सम्पर्क गर्न सक्नुहुन्छ। तल हालको टेस्टिङ विकल्पहरूको सूची रहेको छ:

**दैनिक** - Burlington City Arts Studio - 405 Pine St, Burlington VT, 05401

टेस्टको साइट 405 Pine Street मा अवस्थित Burlington City Arts studio छेउमा रहेको छ।
दैनिक संचालन हुन्छ: प्रत्येक दिन दिउँसो १२:००-राती ८:००
भेटेर गरिने दोभाषे सेवा दिनभरी उपलब्ध
**पूर्व-दर्ता रुचाइन्छ**

**दैनिक** - O'Brien Community Center - 32 Malletts Bay Ave, Winooski VT, 05404

भेटेर गरिने दोभाषे सेवा उपलब्ध
टेस्टिङ दैनिक संचालन हुन्छ, सोमबार - साँझ ५:०० देखि राती ८:०० सम्म, मंगल-आइत बिहान ९:००- दिउँसो ३:००
**पूर्व-दर्ता रुचाइन्छ**

Burlington North End Studios – 294 North Winooski Ave, Burlington VT, 05401

पप अपहरू बिहान ९:०० देखि दिउँसो ३:०० सम्म संचालन हुने छन्
भेटेर गरिने दोभाषे सेवा उपलब्ध
जनवरी १५ - प्रि रजिस्टर वा वाक इन
जनवरी २२- प्रि रजिस्टर वा वाक इन
जनवरी २९- प्रि रजिस्टर वा वाक इन

Colchester Malletts Bay Congregational Church - 1672 W Lakeshore Dr, Colchester, VT 05446

पप अपहरू बिहान ९:०० देखि दिउँसो ३:०० सम्म संचालन हुने छन्
टेलिफोनिक दोभाषे सेवाहरू उपलब्ध
जनवरी १४- प्रि रजिस्टर वा वाक इन
जनवरी २१ - प्रि रजिस्टर वा वाक इन
जनवरी २८- प्रि रजिस्टर वा वाक इन

Williston National Guard Armory - 7846 Williston Rd, Williston VT, 05495

पप अपहरू बिहान ९:०० देखि दिउँसो ३:०० सम्म संचालन हुने छन्

टेलिफोनिक दोभाषे सेवाहरू उपलब्ध

जनवरी १३ - प्रि रजिस्टर वा वाक इन

जनवरी २७ - प्रि रजिस्टर वा वाक इन

# प्रश्नहरू? सहायता आवश्यक छ?

बर्लिङ्टनको **कोभिड-१९ रिसोर्स एण्ड रिकभरी सेन्टर (आरआरसी)** सहयोग गर्नको लागि यहाँ छ, हामीलाई 802-755-7239 मा सम्पर्क गर्नुहोस् वा recovery@burlingtonvt.gov र तपाईंको नाम, रुचाइएको भाषा र सम्पर्क जानकारीले मेसेज छोड्नुहोस् र हामी तपाईंलाई सकेसम्म छिटै मद्दत गर्ने छौं। हाम्रो कल सेन्टरसँग फोन दोभाषे सेवाहरू उपलब्ध छ। हाम्रो संचालन समय सोमबार देखि शुक्रबार, बिहान ८:००- दिउँसो ४:३० रहेको छ।

क्रेडिटहरू:

CDC

https://www.cdc.gov/coronavirus/2019-ncov/transmission/variant.html

https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/index.html

भरमोन्ट डिपार्टमेन्ट अफ हेल्थ

https://www.healthvermont.gov/media/translation/covid-19-translations (कोभिड-१९ बारे अनुदित जानकारी हेर्नुहोस्)

https://www.healthvermont.gov/covid-19/testing/where-get-tested

https://www.healthvermont.gov/covid-19/vaccine

सिटी अफ बर्लिङ्टन

https://www.burlingtonvt.gov/covid-19/ventilation-grant

https://www.burlingtonvt.gov/covid-19/testing

https://www.burlingtonvt.gov/resources

*CDC तथा सिटी अफ बर्लिङ्टनबाट तस्विरहरू*